लुम्विनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
प्युठान

☎०८६-४२०१८७/४२
ईमेल:ialdopyuthan@gmail
वेब साईट : ialdopyuthan.lumbini.g

पत्र संख्या: ०८२/८३
चलानी नं.

मितिः २०८२/११/२५

## प्रस्ताव आवहानको सुचना
## सुचना प्रकाशित मितिः २०८२/११/२५

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठानको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम संचालन गर्न इच्छुक वचत तथा ऋण वाहेकका सहकारी संस्थाले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले (१५ दिन ) मिति २०८२/१२/९ गते भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपशिल वमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्वन्धित सवैको जानकारीको लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| सुचना नं. | कार्यक्रम को नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | स्वीकृत वजेट | अनुदान प्रतिशत | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|---|---|---|
| ०८२/०८३.१ | सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम। | सहकारी संघ/संस्था मार्फत कृषि/पशुपन्छीजन्य उत्पादन,बजारीकरणसँग सम्वन्धित प्रविधिमा आधारित मेसिन,ओजार,उपकरण,सामाग्रीमा सहयोग। तालिम/सञ्चालन | ➢ सहकारी संघ/संस्थाहरुले कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने।<br>➢ नयाँ व्यवसाय सहकारी संघ/संस्थाले आफैले सञ्चालन गर्नुपर्ने वा संञ्चालन गर्दै आएको व्यवसाय वा प्रविधि विस्तारसँग सम्वन्धित क्रियाकलापहरु थप गरी सञ्चलन गर्नुपर्ने।<br>➢ दर्ता भएको मितिले २ वर्ष पुगेको वचत तथा ऋण वाहेकका सहकारी संघ/संस्थाहरु हुनुपर्ने।<br>➢ कानुनले तोकेको समयावधिभित्र वार्षिक लेखापरिक्षण र साधारण सभा सम्पन्न गरेको हुनुपर्ने,<br>➢ संस्थाको संचालक समिति र लेखा सुपरिवेक्षण र साधारण सभा सम्पन्न गरेको हुनुपर्ने।<br>➢ संस्थाको उदेश्य र कार्यक्षेत्र प्रस्तावित आयोजना सँग मेल खाएको हुनुपर्ने।<br>➢ कानुनी रुपमा समस्याग्रस्त नभएका वा कालो सुचिमा नरहेका सहकारी सघं/संस्था हुनुपर्ने,<br>➢. दोहोरो अनुदान नपाएको सम्बन्धी स्वःघोसणा पत्र पेश गर्नुपर्ने।तर व्यवसाय विस्तार गर्ने क्रियाकलापको हकमा भने अनुदान उपलब्ध गराउन वाधा पर्ने छैन।<br>➢ अनुसुची २६ बमोजिम ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने,<br>➢ सहकारी संघ संस्था छनौटका आधार अनुसुचि २७ वमोजिम हुनेछ। | ५ लाख | ५० | जिल्ला भरी |

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
प्यूठान

☎०८६-४२०१८७/४२
ईमेल:laldopyuthan@gmail
वेब साईट : laldopyuthan.lumbini.g

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ➤ सहकारी संघ संस्था छनौटका आधार अनुसुचि २७ बमोजिम हुनेछ। | | | |

<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजहरु:</u>

१. सक्कल निवेदन।
२. दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।
३. स्थाई लेखा नम्वर प्रमाण पत्र तथा गत आ.व.मा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव ।
५. सम्बन्धित स्थानीय तहको (वडा/शाखा) सिफारिस पत्र।
६. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी (संस्था वा समुह वा कम्पनीको हकमा)
७. प्रस्तावकको नागरिकताको प्रतिलिपि ।
८. निर्माण गरिने पूर्वाधारको हकमा अनुमानित लागत रकम ।
९. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करार गरिएको सम्झौता-पत्रको प्रतिलिपी ।

*नोट: थप जानकारीका लागि ०८६४२०१८७ वा सुचना अधिकारीको मो.नं. ९८५७८६८०१२ मा सम्पर्क राख्न हुन अनुरोध छ ।*

२०८१/११/१५
कार्यालय प्रमुख